**लुम्बिनी प्रदेश अन्तर्गत अर्घाखाँची जिल्लाको**

**शितगंगा नगरपालिका वडा नं. ०२ स्थित**

**कोहोलकोथरी-कन्कु क्षेत्रमा रहेको चुनढुङ्गा उत्खनन् गरी खानी संचालानार्थ,**

**प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

प्रकाशित मिति: २०८२/०३/२६

लुम्बिनी प्रदेश अन्तर्गत अर्घाखाँची जिल्लाको शितगंगा नगरपालिका वडा नं. ०२ स्थित क्षेत्रमा श्री सागर सिमेन्ट इन्डस्ट्रिज प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | श्री सागर सिमेन्ट इन्डस्ट्रिज प्रा.लि.<br>काठमाडौं महानगरपालिका वडा नं. ११,<br>इमेल: sagarcement2024@gmail.com |
| **प्रस्तावको व्यहोरा** | प्रस्तावित खानी अर्घाखाँची जिल्लाको शितगंगा नगरपालिका वडा नं. ०२ स्थित कोहोलकोथरी-कन्कु क्षेत्रमा पर्दछ । भौगोलिक अवस्थाका आधारमा यस प्रस्तावित खानी टोपो सिट नं. ०९८-०२ (१:२५,०००) मा पर्ने २०५६.०० मि. उचाईमा रहेको बिन्दु (नियामक पूर्व ४१४०००.०० मि. र उत्तर ३०८८३८७.५० मि.) लाई मूल चिन्ह मानी सोबाट पूर्व ३००.०० मि., पश्चिम १,५००.०० मि., उत्तर १,३५०.०० मि. र दक्षिण ८५०.०० मि. गरि जम्मा ३.९६ वर्ग कि.मि. खोजतलस क्षेत्रबाट जम्मा वन क्षेत्र १६.६५ हेक्टर खानी क्षेत्रले प्रयोग गर्नेछ । यस खानी क्षेत्रबाट (उत्खनन् एरिया १२.९३ हे, Waste/Stock Yard, Siltation Pond:- १.४० हे, कार्यालय र वर्कशप Yard:- ०.४६ हे, खानी सडक (नापतौल स्थल सहित):- ०.५४ हे. र पहुँच सडक:- १.३२ हे.,रहनेछ) यसरी सम्पूर्ण उत्खनन् गतिविधि १६.६५ हे. वन क्षेत्र भित्रबाट गर्नेछ । यस खानी बार्षिक सरदर २७० दिन संचालनमा रहनेछ जस अनुसार दैनिक ४,००० मेट्रिक टन र बार्षिक १०,८०,००० मेट्रिक टन चुनढुङ्गा उत्खनन् तथा संकलन गरिनेछ । |
| **प्रभावित पार्न सक्ने जिल्ला / गा.पा.** | अर्घाखाँची जिल्ला / शितगंगा नगरपालिका वडा नं. ०२<br>कोहोलकोथरी-कन्कु आसपासको क्षेत्र। |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के-कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न यस शितगंगा नगरपालिका वडा नं. ०२ तथा यस क्षेत्रका बिद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | श्री सागर सिमेन्ट इन्डस्ट्रिज प्रा.लि.<br>काठमाडौं महानगरपालिका वडा नं. ११,<br>सम्पर्क व्यक्ति : दिनेश कर्माचार्य<br>इमेल: sagarcement2024@gmail.com / फोन नं : ९८६७२२४४४७ |
| **परामर्शदाताको नाम र ठेगाना** | सिलिचुङ्ग कन्सल्टेन्सी सर्भिसेज् प्रा.लि.<br>बानेश्वोर, काठमाडौं महानगरपालिका - १०<br>काठमाण्डौं, बागमती प्रदेश<br>ईमेल : sagarbabu1990.sn@gmail.com / फोन नं : ९८४१८९२३६७ |